CDS
and
Clearing Ltd.

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

को

## चौधौं वार्षिक साधारण सभाको सूचना

यस सिडिएससिको मिति २०८१/०९/०५ गते बसेको संचालक समितिको निर्णयानुसार सिडिएससिको चौधौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ पौष २८ गते, आइतबार

समय : बिहान ११:०० बजे

स्थान : दोस्रो तल्ला, शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षकको प्रतिवेदन सहित वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूची माथि छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. आ.व.२०८०/८१ को नाफाबाट १०० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. नेपाल स्टक एक्सचेन्ज लिमिटेडको संचालक समितिको मिति २०८१/०५/०१ गतेको बैठक नं.१०९५ बमोजिम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा नेपाल सरकारको शेयर स्वामित्व कायम गर्ने ।

२. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।

**(ग) विविध ।**

आज्ञाले

कम्पनी सचिव